# प्रेस बिज्ञप्ती

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज न्यू योर्क च्याप्टरको आयोजनामा २०११, अक्टोबर २२ तारिखका दिन १०२औं देवकोटा जयन्ती न्यू योर्क स्थित ज्याक्सन हाईट्सको चौतारी रेस्टुराँमा संम्पन्न भयो । च्याप्टरका अध्यक्ष ज्योति पौडेलको अध्यक्षतामा सन्चालित उक्त कार्यक्रमको प्रथम भाग सल्लाहकार शैलेश श्रेष्ठले सन्चालन गर्नुभएको थियो । प्रमुख अतिथि संयुक्त राष्ट्र संघका लागि नेपालका स्थाई प्रतिनिधि महामहिम श्री ज्ञान चन्द्र आचार्य ज्यू रहनु भएको उक्त कार्यक्रममा साहित्यकार बालकृष्ण भट्टराई, अमर नेम्बाङ बिशेष अतिथी हूनुहून्थ्यो । नेपाली राष्ट्रिय गानबाट शुरु गरिएको उक्त कार्यक्रममा प्रमुख अतिथीले महाकविको तस्बिरमा माल्यार्पण गर्नु भएको थियो । तत्पश्च्यात मंगल धूनका साथमा पन्चकन्याले दीप प्रज्वलन र सभाकक्षको परिक्रमा गरेका थिए । उपस्थित महानुभाबहरुलाई ज्योति पौडेलले स्वागत मन्तब्यका साथ स्वागत गर्नु भएको थियो ।

महाकविको जीबनी तथा कृतिको बारेमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका पूर्व उपाध्यक्ष तथा बर्तमान म्यासचुसेट च्याप्टरका अध्यक्ष भारती गौतमले प्रकाश पार्नु भएको थियो भने च्याप्टर का महासचिब परिता राज भण्डारी ले न्यू योर्क च्याप्टरको वार्षिक प्रतिबदेन पेश गर्नुभको थियो। गायक तिलक श्रेष्ठले राष्ट्रिय गान सहित महाकविको यात्री कविता गाउनु भएको थियो ।

समाजको प्रथम प्रकाशन "प्रतिध्वनि" को स.रा सं का लागि नेपाका स्थायी प्रतिनिधि महामहिम ज्ञान चन्द्र आच्रार्य ज्यु ले विमोचन गर्नु भएको थियो भने उक्त पत्रिकाको बिबेचना जगदिश उपाध्याय ज्यु बाट भएको थियो । पत्रिकाका प्रमुख सम्पादक धनी राम सापकोटा ले पत्रिकाको बारेमा बोल्नु भएको थियो । साहित्यकार बालकृष्ण भट्टराई तथा अमर नेम्बाङ ले नेपाली साहित्य जगत मा पुराउनु भएको योगदानको चर्चा गर्दै च्याप्टर का अध्यक्ष ज्योति पौडेलले उहाँहरुलाई खादा ओढाइ सम्मान गर्नु भयो । च्याप्टरका प्रमुख सम्पादक धनी राम सापकोटा, कानूनी सल्लाहकार केशब राज सेढाई र सिर्जनाका यात्राहरुको तर्फ बाट हिमाली स्वरहरु रेडियो का संचालक सहदेव पौडेललाई पनि प्ल्याग तथा खादा सहित सम्मान गरिएको थियो ।

उक्त कार्यक्रममा नयाँ कार्यसमिती निर्माणको लागि गठित निर्वाचन आयोगले नयाँ कार्यसमितीको घोषणा गरि प्रमुख निर्वाचन आयुक्त यक्ष मल्लबाट प्रमाण पत्र प्रदान गरिएको थियो । निबर्तमान अध्यक्ष ज्योति पौडेलबाट नवनिर्वाचित च्याप्टरका अध्यक्ष पूनम काफ्ले र

उहाँको टिमलाई बधाई दिदै छोटो बक्त्यब्य दिनु भयो । त्यस्तै नवनिर्वाचित च्याप्टरका अध्यक्ष पूनम काफ्लेले पदग्रहण गर्नुभै मन्त्ब्य दिनु भएको थियो । नवनिर्वाचित च्याप्टरको कार्य समितिमा निम्न रहनु भएको छ ।

अध्यक्ष:- पुनम काफले
उपाध्यक्ष:- सीता खरेल
महासचिब:- बिकास बिष्ट
कोषाध्यक्ष:- मोहिनी सैंजु
सदस्य:- राजेन्द्र श्रेष्ठ
सदस्य:- शमा वाग्ले
सदस्य:- मणी बाङ्देल

उक्त कार्यक्रममा प्रतियोगितात्मक बाल कविता प्रतियोगिता समेतको आयोजना गरिएको थियो । प्रतियोगितामा बाल कवियत्रीहरु अनुपमा सापकोटा, अनिता किरात राई र प्रज्ञा सापकोटाले क्रमस: पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्न सफल हूनु भएको थियो भने रायन श्रेष्ठ र रोशन शर्माले सान्त्वना पुरुस्कार प्राप्त गर्नु भएको थियो । पन्चकन्याहरुलाई समेत प्रमाणपत्र तथा नगद पुरुस्कार प्रदान गरिएको थियो ।

बयस्क तर्फको कविता प्रतियोगितामा तीर्थराज बराल, अरुण छेत्री र देबेन्द्र लिम्बु क्रमस: पहिला, दोस्रा, र तेश्रा हूनु भएको थियो । विजेताहरुलाई महामहिम ज्ञानचन्द्र आचार्यले पुरुस्कार तथा प्रमाणपत्र प्रधान गर्नु भएको थियो । प्रतियोगितामा समाबेश नभएका कविता वाचन गर्नु हूनेहरुमा सहदेव पौडेल, बद्री पौडेल, पूनम काफ्ले, मणी बाङ्देल, गीता खत्री, कमला प्रसाइ, हरि शर्मा, किरण काफ्ले, परिता राजभण्डारी, ज्योति पौडेल, रामराज क्षेत्री, नगेन्द्र इङ्नाम, बिकास बिष्ट, बन्दना कोइराला, शान्ता घिमिरे, पुष्पा गौतम, भारती गौतम, रोशन पाल्पाली, राम प्रसाद बस्याल, बिनोद रोका, साहित्यकार अमर नेम्बाङ र बाल कृष्ण भट्टराई हुनुहुन्थ्यो ।

बाल प्रतियोगितामा विजयी हूने बाल कवि कवयत्रीहरुलाई पुरुस्कारको सौजन्यता कृष्ण बेलबासे र मुना बेलबासेले गर्नुभएको थियो । प्रतियोगी कविताहरुको मुल्याङ्कन समितिमा डा.तारा निरौला, भारती गौतम र गीता खत्री हूनुहून्थ्यो । मुल्याङ्कन कर्ताहरुलाई महामहिम ज्ञानचन्द्र आचार्य ज्युले प्रमाण पत्र प्रदान गर्नु भएको थियो ।

बिशेष अतिथि बाल कृष्ण भट्टराई, अमर नेम्बाङ र मुल्याङ्कनकर्ता डा.तारा निरौलाले आ-आफ्नो मन्तब्य दिनु भएको थियो । बयस्कहरुको कविता प्रतियोगिताको सन्चालन बिकास बिष्टले गर्नु भएको थियो ।

प्रज्वलित दीप, फूल प्रसाद अनि सेलरोटीले भरिभराउ नाङ्लो घुमाउदै परिसर भरी देउसी भैलोको गीतको तालमा सबैले  देउसी भैलो खेल्दै नाचगान समेत गर्नु भएको थियो । खानाको समेत ब्यबस्था गरिएको उक्त कार्यक्रममा साहित्यकार, कलाकर्मी,  बुद्धीजिबी तथा आम नेपाली जनसमुदायको उल्लेख्य उपस्थिती थियो । अन्तमा महामहिम राजदूतले मन्तब्य दिनु हुँदै नेपाली भाषा साहित्य कलाको संरक्षण र सम्बर्धनमा च्यापटरले खेलेको भूमिकाको सराहाना सहित नेपाली साहित्य च्याप्टरलाई नियोगबाट सहयोग गर्ने प्रतिबद्दता ब्यक्त गर्नु भयो । अध्यक्षको अनुमतीले उक्त कार्यक्रमको समापन तथा धन्यबाद नबनिर्बाचित उपाध्यक्ष सीता खरेलले गर्नु भएको थियो ।

बिकास बिष्ट
महासचिब
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यू योर्क च्याप्टर